अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ६ प्रमाणिकरण मिति :२०८१/०३/२३ प्रकाशन मिति :२०८१/०३/२४

## भाग - २

भजनी नगरपालिका नगरसभाको काम गर्ने कर्मचारीहरुलाई दिइने सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना : नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ मा गरिएको व्यवस्था अनुसार यस नगरपालिकाको नगर सभाको कार्य सम्पादन नगरपालिकाका कर्मचारीबाट गर्ने गरिएको छ । नगरसभाको बैठकमा काम गर्ने कर्मचारीहरुलाई दिइने सेवा सुविधा सम्बन्धमा यो कार्यविधि तयार गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “ नगरसभाको बैठकमा काम गर्ने कर्मचारीहरुलाई दिइने सेवा सुविधा सम्बन्धी कार्यबिधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा; -

(क) “कार्यपालिका” भन्नाले भजनी नगरपालिका, नगरकार्यपालिका सम्झनुपर्छ ।

(ख) “नगर सभा” भन्नाले नेपालको संबिधान, २०७२ को धारा २२३ बमोजिम गठन भएको भजनी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ग) “प्रमुख" भन्नाले भजनी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) “सदस्य सचिव” भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

३. भजनी नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई नगरसभाको काममा खटाइनेछ । सदस्य सचिव सहित बढीमा ११ (एघार) जना कर्मचारीलाई सभा संचालन हुनु अघि देखि सभा संचालन पश्चात निर्णय कार्यान्यवन अवधि सम्म कामकाज गर्ने गरी जिम्मेवारी तोक्न सक्नेछ । साथै तीन जना कार्यालय सहयोगीलाई समेत थप खटाईनेछ ।

३ (क) यस नगरपालिकामा कार्यरत कर्मचारुहरु मध्येबाट दफा ३ मा तोकिएका कर्मचारी बाहेक थप १५ जनालाई प्रमुख प्रशासकीय अधिकृतले बढीमा १० दिन सम्मको खाइपाई आएको तलब बराबरकोरकम दिई नगरसभा अगाडी र पछाडी कामकाजमा लगाउन सकिनेछ ।

४. नगरसभा सम्बन्धि काम गर्न खटाइएको कर्मचारीले गोपनीयता कायम राख्नुका साथै नगरपालिकाको भलो चिताई कार्य सम्पादन गर्नुपर्नेछ ।

५. नगरसभाको काम काज गर्न खटिएका कर्मचारीले कामकाज गरे बापत बढिमा निजले खाइपाई आएको एक महिनाको तलब वरावरको थप सुविधा प्रदान गरिनेछ ।

६. नगरसभाको कार्य सम्पादन गर्दा कर्मचारीहरु लाई बैठक बस्दा खाजा तथा खाना खर्च, स्टेशनरी, इन्धन लगायत आवश्यक सेवा सुविधा प्रदान गर्न सकिनेछ ।

७. असर नपर्ने: नगरसभाको कार्य सम्पादन गर्ने कर्मचारीलाई आवश्यकता अनुसार अन्य थप छुट्टै वा विशेष सुविधा दिन सकिनेछ । यसबाट निजले खाईपाई आएको सुविधामा कुनै असर पर्नेछैन ।

८. बाधा अड्काउ फुकाउने: यो कार्यविधिमा कुनै बाधा अड्काउ परेमा सामान्य बाधा अड्काउ नगर प्रमुखबाट र विशेष वा नीतिगत बाधा अड्काउ नगर कार्यपालिकाबाट फुकाइनेछ । सामान्य वा विशेष के हो भन्ने निर्णय नगर प्रमुखले गर्नेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत